जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ५३ पृष्ठः ४ | २०८३ असार ०१ सोमबार (Monday 15 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# उच्च ग्रेडका विद्यार्थी जिल्लामै रोक्न चुनौती



**जीवछ यादव**

लहान, ३१ जेठ। सिरहामा कक्षा ११ र १२ सञ्चालन गर्ने माध्यमिक विद्यालयको संख्या एक सय पुगे पनि एसइईमा ए प्लस र ए ग्रेड ल्याउने विद्यार्थीलाई जिल्लाभित्रैका विद्यालयमा भर्ना गराउन चुनौती देखिएको छ। उच्च ग्रेड ल्याउने अधिकांश विद्यार्थी विज्ञान विषय अध्ययनका लागि काठमाडौं, विराटनगरलगायतका नाम चलेका विद्यालय रोज्ने गरेका छन्।

राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय लहानका सूचना अधिकारी किशोर निरौलाका अनुसार सिरहामा कक्षा ११ र १२ सञ्चालन गर्ने विद्यालयको संख्या एक सय पुगेको छ। उहाँले राष्ट्रिय परीक्षा बोर्डले सिरहा, सप्तरी, उदयपुर, ओखलढुंगा र खोटाङ गरी पाँच जिल्लाका करिब ३५० माध्यमिक विद्यालयको परीक्षा सञ्चालन गर्दै आएको जानकारी दिनुभयो।

"एसइईमा उच्च ग्रेड ल्याउने विद्यार्थीलाई आफ्नै जिल्लामा टिकाउन नसक्नु मुख्य समस्या हो," उहाँले भन्नुभयो, "यसका लागि व्यवस्थित कक्षा, अभिभावकमा विश्वास, पर्याप्त शिक्षक दरबन्दी, भौतिक पूर्वाधार, स्तरीय पुस्तकालय र गुणस्तरीय शिक्षण आवश्यक छ।" जेएस मुरारका माध्यमिक विद्यालयका प्रमुख कनहैया प्रसाद भट्टका अनुसार एसइई परीक्षा सकिएपछि सम्पन्न परिवारका ए प्लस र ए ग्रेड प्राप्त विद्यार्थीहरू कक्षा ११ मा भर्ना हुन काठमाडौँ विराटनगर जाने प्रवृत्ति बढेको छ।

"विज्ञान, शिक्षा र व्यवस्थापन विषय अध्ययनका लागि आवश्यक भौतिक पूर्वाधार, प्रयोगशाला तथा योग्य शिक्षक भए पनि उच्च ग्रेड ल्याउने विद्यार्थी सिरहाका विद्यालयमा भर्ना हुन रुचाउँदैनन्," उहाँले भन्नुभयो। लहान नगरपालिकास्थित लिटिल स्टार, एभरेस्ट, सफ्टेक र मेरी चिल्ड्रेन माध्यमिक विद्यालयलगायत संस्थागत विद्यालयमा पनि कक्षा ११ मा भर्ना हुने उच्च ग्रेड प्राप्त विद्यार्थीको संख्या न्यून रहेको छ।

लिटिल स्टार माध्यमिक विद्यालयका संस्थापक प्रिन्सिपल जयप्रकाश चौधरीका अनुसार गोलबजारका माउन्ट एभरेस्ट र बुढानीलकण्ठ माध्यमिक विद्यालय, मिर्चैयाको सगरमाथा माध्यमिक विद्यालय तथा सिरहा

**-बाँकी दुई पेजमा**

# रौतहटमा एकैदिन पाँच सयको आँखा परीक्षण

रौतहट, ३१ जेठ। रौतहटमा शनिबार एकैदिन बृहत् निःशुल्क आँखा शिविर सञ्चालन गरी पाँच सयभन्दा बढी नागरिकको आँखा परीक्षण गरेको छ। नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित गौर आँखा अस्पतालले आफ्नो महाअभियानअन्तर्गत तीन फरक-फरक स्थानमा आँखा परीक्षण गरेको हो।

बालबालिकादेखि ज्येष्ठ नागरिकसम्म लक्षित गरी उक्त शिविर सञ्चालन गरिएको हो। सेवा फाउन्डेसनको सहयोगमा निजी तथा सामुदायिक विद्यालयबाट छनोट गरिएका बालबालिकालाई लक्षित गरी विशेष आँखा परीक्षण कार्यक्रम समकेत सञ्चालन गरिएको थियो। गौर आँखा अस्पतालका नेत्रअधिकृत शिवकुमार यादव, दृष्टि विशेषज्ञ पुनम यादवसहित करिब १५ सदस्यीय प्राविधिक टोलीले आँखा परीक्षण, परामर्श तथा आवश्यक औषधि वितरण गरेको थियो।

परीक्षणका क्रममा दृष्टिदोष पहिचान भएका ८३ बालबालिकालाई निःशुल्क चश्मा वितरण गरिएको नेत्रअधिकृत यादवले जानकारी दिनुभयो। उहाँका अनुसार समयमै दृष्टिदोषको पहिचान र उपचारले बालबालिकाको अध्ययन तथा दैनिक जीवनमा सकारात्मक प्रभाव पार्नेछ।


यस्तै डाक फाउन्डेसनको सहयोगमा यमुनामाई गाउँपालिका-४ स्थित जनता मावि, सरुअठा तथा मौलापुर नगरपालिकाअन्तर्गत पथराबुधराम क्षेत्रमा ज्येष्ठ नागरिक लक्षित बृहत् आँखा शिविर सञ्चालन गरिएको थियो। मौलापुरमा अस्पतालकी नेत्रअधिकृत विनीता केशरी, अशोक पासवान, अर्चना सिंहलगायत १२ सदस्यीय प्राविधिक टोलीले स्थानीयको आँखा परीक्षण गरेको थियो।

शिविरमा ४२३ ज्येष्ठ नागरिकको आँखा परीक्षण, परामर्श तथा उपचार सेवा प्रदान गरेको अस्पतालकी नेत्रअधिकृत केशरीले जानकारी दिनुभयो। शिविरका क्रममा मोतियाबिन्दु पुष्टि भएका ६८ जनालाई निःशुल्क शल्यक्रियाका लागि छनोट गरिएको उहाँले बताउनुभयो। केशरीका अनुसार छनोट भएका बिरामीलाई अस्पतालसम्म ल्याउने, शल्यक्रियापछि पुनः घरसम्म पुर्‍याउने तथा सम्पूर्ण उपचार खर्च अस्पतालकै योजनाअन्तर्गत निःशुल्क व्यवस्था गरिएको थियो। ती बिरामीको गौर आँखा अस्पतालमा विशेषज्ञ चिकित्सकको टोलीद्वारा लेन्ससहित निःशुल्क मोतियाबिन्दु शल्यक्रिया गरिने भएको छ।

अस्पतालका कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेयले शल्यक्रियादेखि घर फर्काउने व्यवस्थासम्म सम्पूर्ण सेवा निःशुल्क उपलब्ध गराइने बताउँदै यस्ता महाअभियानले ग्रामीण तथा विपन्न समुदायमा आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न महत्त्वपूर्ण योगदान पुर्‍याएको बताउनुभयो। 'हाम्रो कर्तव्य, हाम्रो जिम्मेवारी-आँखा सेवामा सबैको साझेदारी' मूल नारासहित गौर आँखा अस्पतालले सञ्चालन गरिरहेको महाअभियान वर्षभरि जारी रहने अस्पतालका प्रशासक नागेश्वरप्रसाद चौधरीले जानकारी दिनुभयो।

# हात्तीको आक्रमणमा मृत्यु

झापा, ३१ जेठ। मेचीनगरमा हात्तीको आक्रमणमा परी एक जना महिलाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक विजय चौहानका अनुसार मेचीनगर नगरपालिका-४ निवासी ६२ वर्षीया पद्मा पौडेलको मृत्यु भएको हो। आज बिहान घरबाट बाहिर निस्कने क्रममा उहाँलाई हात्तीले आक्रमण गरेको हो। हात्तीले कुल्चँदा उहाँको घटनास्थलमा नै मृत्यु भएको हो। पौडेलको शव परीक्षणका लागि मेची प्रादेशिक अस्पताल पठाइएको छ।




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिवद्धता

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्को सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८३ असार १ गते लोक सेवा आयोगको ७६ औं बार्षिकोत्सब भव्यताका साथ मनाऔं।

**लोक सेवा आयोगको प्रतिवद्धताः प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## संसदीय मर्यादा र शासकको वाणी

पूर्वअर्थमन्त्री तथा नेपाली कम्युनिस्ट पार्टीका नेता वर्षमान पुनले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेमाथि संसदीय समिति र प्रतिनिधि सभाको बैठकमा सांसदहरूलाई धम्क्याएको आरोप लगाएका छन्। सांसद पुनका अनुसार बजेटसम्बन्धी छलफलमा उठेका प्रश्नको जवाफ दिने क्रममा अर्थमन्त्री वाग्लेले धाकधम्कीपूर्ण शैली अपनाएर संसद्को अवमूल्यन गरे। उनले अर्थमन्त्रीको यस्तो व्यवहारलाई लोकतान्त्रिक मूल्यमान्यता विपरीतसमेत ठहर गरे। विशेषगरी बजेट पुस्तिकामा करका दर हेरफेर गरिएको विषयमा संसदीय छानबिनको माग गर्ने सांसदहरूप्रति लक्षित गर्दै अर्थमन्त्री वाग्लेले दिएको चेतावनीलाई नेता पुन र विपक्षी सांसदहरूले गम्भीरतापूर्वक लिएको देखियो। त्यसमा पनि अर्थमन्त्रीले 'तपाईँहरूको पालाको पनि छानबिन हुन्छ' भनी दिएको जवाफलाई सांसदहरूले असंसदीय व्यवहार र दम्भका रूपमा लिएका छन्।

वाक्पटुता र अहंकार प्रदर्शन एउटै कुरा त होइन तर प्रायः शासकहरू यी दुईबीचको भेद बिर्सन पुग्छन्। सामान्य रूपमा लिनुपर्ने प्रश्नलाई व्यक्तिगत प्रतिष्ठाको विषय बनाएर उत्तर दिन खोज्दा वाक्पटुता होइन, दम्भ प्रकट हुन पुग्छ। संसदीय लोकतन्त्रमा संसद्भित्र हुने छलफल मर्यादाभित्र रहोस् भनेर सदस्यहरू एकअर्कालाई प्रत्यक्ष सम्बोधन समेत गर्दैनन्। प्रश्न, उत्तरलगायतका सबै संवाद सभामुखलाई सम्बोधन गर्दै अनुशासित रूपमा गरिन्छ। संसारका धेरै मुलुकमा संसदीय लोकतन्त्रको अभ्यास क्रमिक रूपमा परिष्कृत हुँदै आएको छ। यही क्रममा संसदीय आचार, भाषा, पोसाक र शिष्टाचारको विकास भएको हो। यसैले त विद्यार्थीहरूलाई संसदीय अभ्यास सिकाउन संसद्को अवलोकन भ्रमण गराउने स्थापित चलन छ। नेपालकै संसद्मा पनि बेलाबखत विद्यार्थीहरूको अवलोकन भ्रमण हुने गर्छ। तर, संसद्भित्र अहिलेको जस्तो अमर्यादित गतिविधि हेर्दा त्यहाँ पुग्ने विद्यार्थीले के सिक्लान् ?

संसद्मा सरकारका कमजोरी औँल्याउनु र उसलाई जनताप्रति जवाफदेही बनाउनु विपक्षको मूल कर्तव्य नै हो। तर, त्यस क्रममा पनि विपक्षले निश्चित प्रक्रिया अपनाउनुपर्छ र सभामुखको अनुमतिविना बोल्न मिल्दैन। यस्तै नियम सत्तापक्षमाथि पनि लागु हुन्छ। त्यसो त सरकारका कमजोरी केलाउने क्रममा सांसदहरू सामान्यतः सत्ता वा प्रतिपक्षका नभएर समग्र देश र नागरिकका प्रतिनिधिको भूमिकामा क्रियाशील हुनुपर्छ। नयाँ प्रतिनिधि सभामा भने अहिले सामान्यभन्दा केही बेग्लै र चिन्ताजनक परिदृश्य देखिन थालेको छ। सत्तापक्ष र विपक्षका सांसदहरू बेलाबखत भौतिक भिडन्तकै मनःस्थितिमा पुगेको भान हुन्छ। यथार्थमा यस्ता दृश्य लज्जास्पद हुन्। यद्यपि, संसारका अरू देशका संसद्मा पनि बेलाबखत भौतिक भिडन्त हुने गरेको देखिन्छ तर नेपाल यसको अपवाद बन्न सकेको भए हाम्रो लोकतन्त्रको गरिमा अझ चुलिने थियो।

अर्थमन्त्रीलगायत अरू मन्त्रीहरूले पनि सांसद, कर्मचारी वा नागरिक कसैलाई पनि धम्की दिनुभन्दा कसैले कानुनविपरीतको काम गरेको भए कानुनी रूपमै कारबाही गरेर देखाउनु लोकतान्त्रिक र सुशासनसम्मत हुन्छ। बजेट पुस्तिकामा करको दर हेरफेर गरिएको विषयमा 'पहिले पनि भएको थियो, अहिले पनि भयो' भन्ने औँठे जवाफ दिनु वा 'तपाईँहरूको पालाको पनि छानबिन गर्ने' भनेर प्रतिशोधको भाषा बोल्नु अशोभनीय देखियो। पौराणिक ग्रन्थ महाभारतको शान्ति पर्वमा पितामह भीष्मले युधिष्ठिरलाई राजधर्मको उपदेश दिँदै शासकको वाणीमा पदको अहंकार झल्कनु वा आफ्नै मुखले आत्मप्रशंसा दूषणीय हुने बताएका छन्। भीष्मका अनुसार राजनीति र शासन व्यवस्थामा शासकको बोली उसको व्यक्तिगत अभिव्यक्तिमात्र नभएर राज्यको स्थिरता, प्रतिष्ठा र जनविश्वासको मेरुदण्ड हो। आत्मश्लाघामा रमाउने दम्भी शासकहरूको हविगत कस्तो हुन्छ भन्ने उदाहरण खोज्न हामी नेपालीहरूले न त बाहिरी मुलुक नियाल्नुपर्छ न त इतिहासको धेरै पछाडि नै फर्किनुपर्छ।

# विश्वकप २०२६ : यस्ता छन् खेल हुने १६ रङ्गशाला



काठमाडौं, ३१ जेठ। गएको बिहीवार मध्यरातिदेखि फुटबलको महाकुम्भ फिफा विश्वकप २०२६ चलिरहेको छ। विश्वकप फुटबलको इतिहासमा ४८ टोली, १ सय ४ खेल र ३९ दिनको रोमाञ्चक यात्रापछि विश्व फुटबलले नयाँ उपाधि विजेता पाउनेछ। २३औँ संस्करणको प्रतियोगितामा चार पटकको विजेता इटाली लगातार तेस्रो पटक अटाउन सकेको छैन। त्यस्तै केप भेर्डे, कुराकाओ, जोर्डन र उज्वेकिस्तानले पहिलो पटक विश्वकप खेल्दैछन्।

फिफा विश्वकप १६ वटा शहरमा आयोजना भइरहेका छन् जसमा अमेरिकाका ११, मेक्सिकोका ३ र क्यानाडाका २ वटा रङ्गशाला समावेश छन्। मेक्सिको सिटी रङ्गशालामा उद्घाटन खेल भएको प्रतियोगिताको फाइनल खेल आउँदो जुलाई १९ मा अमेरिकाको न्यु जर्सीमा रहेको मेटलाइफ रङ्गशालामा हुनेछ।

**१. एरोहेड रङ्गशाला**

अमेरिकाको एरोहेड रङ्गशाला सन् १९७२ मा औपचारिक रूपमा तयार भएको हो। यसको दर्शक क्षमता ७३ हजार ६ रहेको छ। मिजुरी राज्यको केन्सास शहरमा रहेको एरोहेड रङ्गशालामा समूह चरणका ४ र नकआउट चरणका २ गरी कुल ६ खेल हुनेछन्।

**२. एटी एन्ड टी रङ्गशालारु ( डालास रङ्गशाला)**

अमेरिकाकै टेक्सस राज्यको एर्लिङ्टन शहरमा रहेको एटी एन्ड टी अर्थात् डालास रङ्गशाला यस विश्वकपकै सबैभन्दा धेरै दर्शक क्षमता भएको रङ्गशाला हो। सन् २००९ मा तयार भएको यो रङ्गशालाको दर्शक क्षमता ९४ हजार छ। यस रङ्गशालामा समूह चरणका ५ र नकआउट चरणका ४ गरी कुल ९ खेल हुनेछन्।

**३. जिलेट रङ्गशालारु (बोस्टन रङ्गशाला)**

अमेरिकाको म्यासाचुसेट्स राज्यमा रहेको फक्सबरो शहरमा रहेको जिलेट अर्थात् बोस्टन रङ्गशाला अमेरिकामा रहेका ११ मध्ये सबैभन्दा कम दर्शक क्षमता भएको रङ्गशाला हो। सन् २००२ मा तयार भएको यस रङ्गशालाको दर्शक क्षमता ६५ हजार छ। बोस्टन रङ्गशालामा समूह चरणका ५ र नकआउट चरणका २ गरी कुल ७ खेल हुनेछन्।

**४. हार्ड रक रङ्गशालारु ( मियामी रङ्गशाला)**

अमेरिकाको फ्लोरिडा राज्यको मियामी गार्डेनमा रहेको हार्ड रक रङ्गशालाको दर्शक क्षमता पनि ६५ हजार नै हो। सन् १९८७ मा तयार भएको यस रङ्गशालामा सन् २०२४ को कोपा अमेरिकाको फाइनल खेल पनि भएको थियो। समूह चरणका ४ र नकआउट चरणका ३ गरी कुल ७ खेल यस रङ्गशालामा हुनेछन्।

**५. लिभाइज रङ्गशालारु ( सान फ्रान्सिस्को बे एरिया रङ्गशाला)**

लिभाइज रङ्गशाला अर्थात् सान फ्रान्सिस्को बे एरिया रङ्गशालामा ७१ हजार दर्शक अट्छन्। यो रङ्गशाला अमेरिकाको क्यालिफोर्नियामा रहेको सान्ता क्लारा शहरमा छ। सन् २०१४ मा उद्घाटन भएको यस रङ्गशालामा समूह चरणका ५ र एउटा नकआउट गरी कुल ६ खेल हुनेछन्।

**६. लिन्कन फानन्सियल फिल्ड (फिलाडेल्फिया रङ्गशाला)**

फिलाडेल्फिया रङ्गशाला सन् २००३ मा उद्घाटन भएको हो। ६९ हजार दर्शक क्षमता रहेको यस रङ्गशाला अमेरिकन एनएफएलको फिलाडेल्फिया इग्ल्सको घरेलु मैदान हो। यो रङ्गशालामा समूह चरणका ५ र राउन्ड अफ १६ को १ गरी कुल ६ खेल हुनेछन्।

**७. लुमेन फिल्ड (सियाटल रङ्गशाला)**

वाशिङ्टन डिसीको सियाटल शहरमा रहेको लुमेन फिल्ड रङ्गशालाको दर्शक क्षमता पनि ६९ हजार नै हो। यो रङ्गशाला सन् २००२ मा उद्घाटन भएको हो। यस रङ्गशालामा समूह चरणका ४ र नकआउटका २ गरी कुल ६ खेल हुनेछन्।

**८. मर्सिडिज बेन्ज (एट्लान्टा रङ्गशाला)**

अमेरिकाको जर्जिया राज्यको राजधानी एट्लान्टामा रहेको मार्सिडिज बेन्ज यसपालि सबैभन्दा धेरै चर्चा कमाएको रङ्गशाला हो। ७५ हजार दर्शक क्षमता रहेको यस रङ्गशालाको 'ले आउट' एकदमै फरक र हेर्नलायक छ। सन् २०१७ मा तयार भएको रङ्गशालाको छतमा मर्सिडिजको लोगो छ। अत्यधिक खर्च हुने भएकाले फिफाले विश्वकपका लागि लोगो नहटाउने निर्णय गरेको थियो। रङ्गशालामा समूह चरणका ५ र नकआउटका ३ गरी कुल ८ खेल हुनेछन्।

**९. मेट्लाइफ रङ्गशालारु (न्यु योर्क जर्सी रङ्गशालारु)**

अमेरिकाको न्यु योर्कको इस्ट रुथरफोर्डमा रहेको मेटलाइफ स्टेडियमले जुलाई १९ मा ४ वर्षका लागि नयाँ विश्वकप विजेता दिनेछ। साढे ८२ हजार दर्शक क्षमता रहेको रङ्गशालामा समूह चरणका ५ र नकआउटका ३ गरी कुल ८ खेल हुनेछन्।

**१०. एनआरजी रङ्गशालारु ( ह्युस्टन रङ्गशाला)**

अमेरिकाको टेक्ससमा रहेको ह्युस्टन शहरमा यसपालि समूह चरणमा केही ठूला टोलीले प्रतिस्पर्धा गर्नेछन्। जर्मनी, नेदरल्यान्ड्स र पोर्चुगलले यो रङ्गशालामा खेल्नेछन्। ७२ हजार दर्शक क्षमता रहेको यस रङ्गशाला सन् २००२ मा उद्घाटन भएको हो। समूह चरणका ५ र नकआउटका २ गरी कुल ७ खेल एनआरजी रङ्गशाला हुनेछन्।

**११. सोफी रङ्गशाला (लस एन्जलस रङ्गशाला)**

अमेरिकाको इङ्गलवूड शहरमा रहेको सोफी रङ्गशाला ६ वर्षअघि मात्र तयार भएको हो। ७० हजार दर्शक क्षमता रहेको यो रङ्गशालामा समूह चरणका ५ र नकआउटका ३ गरी कुल ८ खेल हुनेछन्। अमेरिकाले विश्वकप अभियान यही रङ्गशालाबाट शुरू गर्नेछ। जुन १२ मा पाराग्वेसँग अमेरिकाको प्रतिस्पर्धाअघि विशेष उद्घाटन समारोह भएको थियो।

**१२. इस्टाडियो एक्रोन रङ्गशाला**

मेक्सिकोको ग्वाडालाजरा शहरमा रहेको इस्टाडियो एक्रोन रङ्गशाला यो विश्वकपको सबैभन्दा कम दर्शक क्षमता भएको रङ्गशालामध्ये एक हो। रङ्गशालाको क्षमता मात्र ४८ हजार छ। सन् २०१० मा निर्माण सम्पन्न भएको यस रङ्गशालामा समूह चरणका ४ खेल मात्र हुनेछन्।

**१३. इस्टाडियो एज्टेका ( मेक्सिको सिटी रङ्गशाला)**

फिफा विश्वकप २०२६ इस्टाडियो एज्टेका अर्थात् मेक्सिको सिटी रङ्गशालाबाट शुरू भएको छ। उद्घाटन खेलमा यही रङ्गशालामा घरेलु टोली मेक्सिकोले दक्षिण अफ्रिकालाई हराएको थियो। राजधानी मेक्सिको सिटीमा रहेको यस रङ्गशालाको दर्शक क्षमता ८३ हजार छ। यो मेक्सिकोकै सबैभन्दा ठूलो रङ्गशाला हो। यसले विश्वकपमा ५ खेल आयोजना गर्नेछ।

**१४. इस्टाडियो बिबिभिए ( इस्टाडियो मोन्टेरी)**

मेक्सिकोको इस्टाडियो मोन्टेरीमा साढे ५३ हजार दर्शक अट्छन्। सन् २०१५ मा उद्घाटन भएको रङ्गशाला प्रतियोगिताको सबैभन्दा धेरै गर्मी हुने ठाउँका रूपमा लिइएको छ। न्यूनतम तापक्रम ३२ डिग्रीभन्दा धेरै रहने अनुमान छ। रङ्गशालामा समूह चरणका ३ तथा राउन्ड अफ ३२ को १ गरी कुल ४ खेल आयोजना हुनेछ। प्रतियोगितामा यो रङ्गशालामा सबैभन्दा कम खेल हुँदैछन्।

**१५. बीएमओ फिल्ड (टोरोन्टो रङ्गशाला)**

क्यानडाले आफ्नो विश्वकप अभियान ४५ हजार दर्शक क्षमता भएको टोरन्टो रङ्गशालाबाट शुरू गरेको छ। पहिलो पटक आफ्नै भूमिमा विश्वकप खेलिरहेको क्यानडाका लागि यो विशेष अवसर हो। मेक्सिको र अमेरिकासँग विश्वकप आयोजना गरिसकेको अनुभव छ। क्यानाडा पहिलो पटक यति ठूलो प्रतियोगिताको आयोजक बनेको हो। यो रङ्गशालमा प्रतियोगिताकै सबैभन्दा कम दर्शक क्षमता ४५ हजार रहेको छ। यो रङ्गशालामा कुल ६ खेल हुनेछन्।

**१६. बीसी प्लेस भ्यानकोभर**

क्यानडाको ब्रिटिश कोलम्बिया राज्यमा भ्यानकोभर शहरमा रहेको बीसी प्लेस भ्यानकोभर रङ्गशालाको दर्शक क्षमता ५४ हजार छ। सन् १९८३ सालमा उद्घाटन भएको यो रङ्गशालामा सन् २०१५ मा सम्पन्न फिफा महिला विश्वकपको फाइनल खेल आयोजना भएको छ। यसपालि बीसी प्लेसमा समूह चरणका ५ र नकआउटका २ गरी कुल ७ खेल आयोजना हुनेछ। उज्यालो अनलाइनबाट

## उच्च ग्रेडका...

नगरपालिकाको चन्द्र माध्यमिक विद्यालयमा व्यवस्थापन राम्रो भए पनि ए प्लस र ए ग्रेड प्राप्त विद्यार्थीलाई जिल्लामै रोक्न सकिएको छैन।

यता सखुवानन्कारकट्टी गाउँपालिका–२ स्थित श्री जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक श्रीप्रसाद यादवले ग्रामीण क्षेत्रका विद्यालयमा शिक्षक दरबन्दीको अभाव, कमजोर भौतिक पूर्वाधार तथा अनुकूल शैक्षिक वातावरण नहुँदा कक्षा ११ मा भर्ना दर न्यून रहेको बताउनुभयो। उहाँका अनुसार पर्याप्त शिक्षक नहुनु, नियमित पठनपाठनमा समस्या हुनु र विद्यालयको शैक्षिक वातावरण सन्तोषजनक नहुनु पनि विद्यार्थी आकर्षित गर्न नसक्नुका प्रमुख कारण हुन्।

नागरिक अगुवा रामविहारी साहले कक्षा ११ र १२ सञ्चालन गरिरहेका धेरै विद्यालयमा व्यवस्थापन तथा अध्यापन पक्ष अपेक्षाअनुसार सुदृढ नभएको बताउनुभयो। "भौतिक पूर्वाधार, विज्ञान प्रयोगशाला, सक्षम शिक्षक र प्रभावकारी व्यवस्थापन भएका विद्यालयलाई मात्र कक्षा ११ र १२ सञ्चालनको अनुमति दिनुपर्छ," उहाँले भन्नुभयो, "यही कमजोरीका कारण अभिभावकहरू आफ्ना उत्कृष्ट नतिजा ल्याएका छोराछोरीलाई काठमाडौं र विराटनगर पठाउन बाध्य छन्।"

# प्रहरीले भवितव्य भन्दै थन्क्याएको फाइल अनुसन्धान गर्दा खुल्यो हत्याको रहस्य

काठमाडौं, ३१ जेठ। प्रहरीले भवितव्य मृत्यु भन्दै थन्क्याएको फाइल अनुसन्धान गर्दा हत्याको रहस्य खुलेको छ। तीन वर्ष पहिले भवितव्य मृत्यु भनेर थन्क्याएको फाइल अनुसन्धान गर्दा अहिले हत्या भएको खुलेपछि प्रहरीको भूमिकामाथि नै प्रश्न उठेको छ। हत्या भएको निष्कर्ष निकाल्दै मुद्दा दर्ता भएर अभियुक्त पुर्पक्षमा कारागार चलान भएपछि तत्कालीन अनुसन्धान अधिकृतदेखि जिल्ला प्रहरी प्रमुखलाई समेत कारबाही सिफारिस भएको छ।

घटना २६ साउन २०८० को हो। बिहान अन्दाजी सवा ८ बजेतिर अर्घाखाँचीको भूमिकास्थान नगरपालिका–७ पानडाँडा बस्ने ४४ वर्षीय पदमबहादुर केसी मकैबारीमा गम्भीर घाइते भई छट्पटाएको अवस्थामा भेटिए। मकै खेती जोगाउन बाँदर लखेट्ने क्रममा आफैंले बोकेको भरुवा बन्दुक पड्किएर पदम गम्भीर घाइते भएको र उपचारका लागि जिल्ला अस्पताल अर्घाखाँची लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको दाबी गरियो।

त्यतिबेला अर्घाखाँचीको प्रहरी प्रमुखमा डीएसपी (हाल एसपी) मुकन्द रिजाल थिए। यो घटनामा मृतक पदमका छोरा ईश्वर केसीले त्यतिबेलै प्रहरीमा जाहेरी दिए। छोरा ईश्वरको जाहेरीपछि एसपी रिजालले उक्त घटनालाई भवितव्य मृत्यु भएको बताउँदै मुद्दा नै चलाएनन्। त्यतिबेला अर्घाखाँचीकै भूमिकास्थान–७ का ६२ वर्षीय मोहन भनिने निमबहादुर खत्री ( मृतकका सौतेनी दाजु), भूमिकास्थान नगरपालिका–७ का ४९ वर्षीय शिवबहादुर रायमाझी, भूमिकास्थान–७ कै ४६ वर्षीय मोहनबहादुर रायमाझीविरुद्ध जाहेरी दिइएको थियो। तर प्रहरीले आफैंले बोकेको भरुवा बन्दुक पड्केर पदमबहादुरको मृत्यु भएको भन्दै कोही कसैलाई अनुसन्धानको दायरामा ल्याएन।

प्रहरीले त्यतिबेला भवितव्य मृत्यु भनेको त्यही घटना अहिले अनुसन्धान गर्दा हत्या भएको रहस्य खुलेको छ। अहिले यो घटना भवितव्य नभई पदमकै दाइ निमबहादुर केसीले हत्या गरेको भन्दै मुद्दा मात्रै चलेको छैन, उनी पुर्पक्षका लागि कारागार चलान भएका छन्। १७ वैशाखमा न्यायाधीश शिवलाल पाण्डको इजलासले उनलाई पुर्पक्षका लागि कारागार चलान गरेको छ। दुई जना भने साधारण तारेखमा रिहा भएका छन्।

**के थियो घटना ?**

पदमको मृत्यु अस्वाभाविक रहेको भन्दै उनकी श्रीमती वसन्ता केसीले छानबिन गर्नुपर्ने माग गरिरहिन्। आफैंले बोकेको भरुवा बन्दुकले आफ्नै छातीमा गोली लागेर मृत्यु भएको भन्ने विश्वास नलागेपछि वसन्ताले घटना छानबिन गर्नुपर्ने माग गर्दै आएका थिइन्। यता, उनले व्यक्ति नै किटान गरेर हत्याको जाहेरी पनि दिए पनि प्रहरीले भवितव्य मृत्यु भन्दै फाइल थन्क्यायो। यो बीचमा तत्कालीन डीएसपी रिजाल फेरिए। उनीपछि अन्य दुई इन्चार्ज पनि अर्घाखाँची आएर सरुवा भइसकेका थिए। अहिले अर्घाखाँचीको इन्चार्जमा डीएसपी दिवस जीसी छन्।

निरन्तर अनुसन्धान गर्नुपर्ने माग आएपछि जीसीको टोलीले थन्क्याइएको उक्त फाइलमाथि अनुसन्धान अघि बढायो। सो क्रममा मृतक पदमका सौतेनी दाइ निमबहादुर केसीलाई समेत पक्राउ गरी प्रहरीले अनुसन्धान गर्‍यो। यसअघि भने उनै निमबहादुरको भनाइलाई आधार मानेर प्रहरीले घटना भवितव्य रहेको भन्दै मुद्दा नचलाई थन्क्याएको थियो। 'त्यतिबेला कसैलाई पक्राउ गरेको रेकर्डमा देखिँदैन। अहिले मुद्दा चलेका व्यक्तिहरूलाई सोधपुछ गरिएको र उनीहरूकै भनाइलाई आधार मान्दै भवितव्य भनेर मुद्दा नचलाई राखेको देखिन्छ,' अर्घाखाँचीका एक अनुसन्धान अधिकृतले भने ।

अहिले भने आफ्नै छातीमा गोली लाग्न सक्ने/नसक्ने अवस्था, पोस्टमार्टम रिपोर्ट, फरेन्किस रिपोर्ट लगायत अध्ययन गरेर थप अनुसन्धानबाट प्रहरीले हत्याको निष्कर्ष निकाल्दै मुद्दा चलायो। अनुसन्धानका क्रममा निमबहादुरले आफ्ना सौतेनी भाइ पदमको हत्या गरेको स्वीकार गरेको प्रहरीको भनाइ छ। यही प्रमाण र बयानका आधारमा प्रहरीले निमबहादुरविरुद्ध हत्याको कसुरमा मुद्दा चलायो। जिल्ला अदालत अर्घाखाँचीले अहिले निमबहादुरलाई हत्याको कसुरमा पुर्पक्षका लागि कारागार चलान गरेको छ।

**एसपीलाई कारबाही सिफारिस**

भवितव्य भनिएको घटना हत्या भएको खुलेको र आरोपित व्यक्तिसमेत कारागार चलान भएपछि प्रहरीले छानबिन समिति बनाएको थियो। लुम्बिनी प्रदेश प्रहरी कार्यालयले संघीय प्रहरी कार्यालय दाङका प्रमुख एसएसपी दीपक पोखरेलको नेतृत्वमा छानबिन समिति बनायो। उक्त समितिले तत्कालीन अनुसन्धान अधिकारीदेखि जिल्ला प्रमुखसम्मलाई दोषी औंल्याउँदै प्रतिवेदन बुझाएको छ। जसमा तत्कालीन डीएसपी (हाल एसपी) मुकुन्द रिजाल, अनुसन्धान अधिकृत विक्रम रिजाल, कानुन शाखामा कार्यरत वरिष्ठ हवल्दार (तत्कालीन हवल्दार) रामबहादुर विकलाई दोषी देखाउँदै प्रतिवेदन बुझाएको छ।

उक्त प्रतिवेदन अहिले प्रहरी प्रधान कार्यालयको कानुन शाखामा पुगिसकेको छ। 'समितिले बुझाएको प्रतिवेदन अहिले अध्ययनको क्रममा छ। अध्ययन भइसकेपछि कसलाई कस्तो कारबाही हुने त्यहीअनुसार प्रक्रिया अघि बढ्छ,' नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी अबिनारायण काफ्ले भन्छन्। प्रतिवेदनमा भनिएको छ, 'तत्कालीन अवस्थामा अनुसन्धान जिम्मेवारमा रहेका प्रहरी अधिकारीहरूले घटनाको गम्भीरता नबुझी ज्यानसम्बन्धी कसुर जस्तो गम्भीर प्रकृतिको अनुसन्धानमा लापरबाही गरेको देखियो।'

अफ्न प्रतिवेदनले एसपी रिजाल र अनुसन्धान अधिकृत विक्रम रिजाल मोलाहिजामा परी अपराध अनुसन्धान शाखामा कार्यरत वरिष्ठ हवल्दारलाई परिचालन गरेकोसमेत उल्लेख गरेको छ।

**प्रमाण नष्ट गरेकोसम्म आरोप**

समितिले त्यतिबेला प्रहरी तथा अनुसन्धान अधिकारीहरूले क्राइम सिनमै तोडमरोड गर्दै प्रमाण नष्ट गरेकोसम्म आरोप लगाएको छ। समितिले बुझाएको प्रतिवेदनको निष्कर्ष खण्डमा भनिएको छ, 'कसुरमा प्रयोग भएको प्राथमिक प्रमाण (भरुवा बन्दुक)को प्रमाणिक महत्व नष्ट गरी हाल कायम भएका प्रतिवादीहरूविरुद्ध हातहतियार तथा खरखजानासम्बन्धी मुद्दा उठान हुने नसक्ने गरी सार्वजनिक पदको दुरुपयोग गरी लापरबाही र त्रुटिपूर्ण तवरले गैरव्यवसायिक कार्य गरेको देखिन्छ।'

अनुसन्धान अधिकारीले नै प्रमाण नष्ट गर्नुलाई गम्भीर फौजदारी अपराधको कसुर मानिन्छ। छानबिन समितिले समेत प्रष्ट रूपमा उक्त भरुवा बन्दुकको प्रमाण नष्ट गरी हातहतियार तथा खरखजानामा मुद्दा चल्न सक्ने प्रमाण मेटिएको उल्लेख गरेको छ। त्यतिबेला भरुवा बन्दुक फेला परे पनि त्यसबारे अनुसन्धान नै नगरी बेवारिस भनेर उल्लेख गरिएको बताइएको छ।

जबकि, त्यतिबेला घटनास्थलबाट भरुवा बन्दुक १ थान, छुट्टाछुट्टै स्थानमा फेला परेकोमध्ये एक स्थानमा फेला परेको प्लास्टिकको डिब्बामा ९ थान केप, हिमालय १२२ एमएलको डिब्बामा कालो रङको बारुदको धुलो, अर्को डिब्बामा ५६ थान छर्रा भेटिएको थियो। यी सामानहरू फेला परेको भन्दा ७५ मिटर पर प्लास्टिकको डिब्बामा बारुदको कालो धुलो, अर्को प्लास्टिकको डिब्बामा ४० थान छर्रा, कुलबहादुर रायमाझीको मकैबारी नजिक रातो प्लास्टिकको बोतलमा बारुदको धुलो, ७ थान छर्रा, ६ थान केप बरामद भएको थियो।

यति ठूलो मात्रामा बिस्फोटक पदार्थ बरामद हुँदासमेत यसतर्फ त्यतिबेला प्रहरीले कुनै अनुसन्धान अघि बढाएन। बरु सशंकित व्यक्तिको भनाइलाई नै आधार मान्दै भवितव्य मृत्यु भन्दै अनुसन्धान नगरी फाइल थन्क्याइएको थियो। त्यतिबेलाका अर्घाखाँची प्रहरी प्रमुख रिजाल भने अहिले नेपाल राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतको प्रमुखको रूपमा कार्यरत छन्। उनी आफ्नो तर्फबाट कुनै गल्ती नभएको बताउँछन्। 'तीन वर्षअघिको घटना हो। मेरो तर्फबाट जानीजानी कुनै गल्ती गरेको जस्तो लाग्दैन,' एसपी रिजालले भने।

**भवितव्य भनिएका व्यक्तिले नै स्वीकारे हत्या**

यसअघि आफैंले बोकेको बन्दुक पड्केर ज्यान गएको भन्दै भवितव्य भनेका व्यक्तिले नै अहिले हत्या भएको स्वीकारेका छन्। उनी अहिले पुर्पक्षका लागि कारागारसमेत चलान भएका छन्। 'पदमबहादुर केसीलाई बाँदर लखेट्न जाउँ भनी बोलाउँदा नबोलेपछि भाइ घरमा रहेनछ भन्दै म एक्लै भरुवा बन्दुक लिई बाँदर लखेट्न बारीमा गएँ। बारीमा लछप्पै बाँदर पसी मकै खाँदै गरेको देखेर चिच्याउँदै, लखेट्दै बन्दुकले बाँदरलाई ताकी हानेकोमा बाँदर खसे जस्तो गरी भत्याक, भत्याक गरेको सुनें,' प्रतिवादी निमबहादुरले भनेका छन्, 'उक्त स्थानमा जाँदा मेरो भाइ रक्ताम्य भई पल्टिएको देखें। मैले हानेको बन्दुकले बाँदरलाई नलागी भाइ पदमलाई लागेको रहेछ।'

त्यसपछि निमबहादुरले आफूसँग भएको बन्दुक खोल्सातिर फाली शिवबहादुर र मोहनबहादुरलाई बोलाएको बताएका छन्। घटनाको ४/५ दिनपछि उक्त बन्दुक आफ्नो घरदेखि पूर्वतर्फको बारी छेउको जंगलमा फालेको उनले बताएका छन्। सानो क्षेत्रमा समूहगत रूपमा बाँदर धपाउन जानु र मानिससमेत नठम्याई अन्धाधुन्दा गोली हान्दा उक्त गोलीले जो सुकैलाई लाग्न सक्ने र ज्यान जान सक्ने सामान्य समझको विषय हुँदा निमबहादुरले जानाजान नै गोली प्रहार गरी पदमबहादुरको मृत्यु भएको भन्दै निमबहादुरविरुद्ध कर्तव्य ज्यानको मुद्दा चलाइएको हो। यता, घटनाको जानकारी हुँदासमेत मिलेमतो गरी अपराध र कसुरबारे यर्थाथ तथ्यहरू लुकाई कसुरदारलाई कसुर गरिसकेपछि दायित्वबाट मुक्त गराउन सहयोग गरेको भन्दै दुई जनाविरुद्ध मुद्दा चलाइएको थियो। उनीहरूलाई मतियारको रूपमा प्रस्तुत गरिएको थियो।

# प्रहरी संगठन जनताका पहिलो सरकार होः मुख्यमन्त्री कार्की

विराटनगर, ३१ जेठ। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रहरी सङ्गठन नेपाली जनताका पहिलो सरकार भएको बताउनुभएको छ। नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग र कोशी प्रदेश प्रहरी कार्यालयद्वारा आज यहाँ आयोजित कोशी प्रदेशस्तरीय 'अपराध अनुसन्धान समीक्षा' गोष्ठीको उद्घाटन गर्दै उहाँले प्रहरी संगठनमाथि उठेको प्रश्न र जिज्ञासाप्रति संगठन जिम्मेवार बन्नुपर्ने विचार राख्नुभयो।

मुख्यमन्त्री कार्कीले प्रहरी संगठनलाई बलियो बनाउने समयमा नियन्त्रणमा राख्ने सोच र प्रवृत्तिले अपराध अनुसन्धानमा गम्भीर असर पर्ने भन्दै संगठनलाई समयानुकूल बनाउन साधन, स्रोत र व्यवस्थापकीय कमी कमजोरीलाई राज्यले पूरा गर्नुपर्ने धारणा राख्नुभयो। उहाँले प्रहरीको नीति र ऐनलाई सरकारले पहिलो प्राथमिकतामा राख्नुपर्ने बताउँदै 'डिएनए' परीक्षण गर्ने प्रयोगशाला निर्माण र 'डिजिटल' प्रणालीमा प्रदेश सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मुख्यमन्त्री कार्कीले समाजमा शान्तिसुरक्षा स्थापना गर्न र सुशासनअन्तर्गत अपराध अनुसन्धानमा प्रहरी संगठनले इमान्दारीपूर्वक आफ्ना जिम्मेवारी निर्वाह गरिरहेको धारणा राख्दै प्रहरीले अनुसन्धानमा त्रुटि हुन नदिन र कानुनको परिधिभित्र रही काम गर्न सुझाव दिनुभयो। कोशी प्रदेश प्रहरी कार्यालयका प्रमुख विनोद घिमिरेले अपराध अनुसन्धामा देखिने त्रुटि र कमीकमजोरीलाई निवारण गर्न गोष्ठी फलदायी बन्ने विश्वास व्यक्त गर्नुभयो।

मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले प्रहरीको सफल अनुसन्धानबाट नै पीडित नागरिकले न्याय पाउने भएकाले यसतर्फ गम्भीर बन्नुपर्ने धारणा राख्नुभयो। प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरले विज्ञान, सूचना प्रविधि एवं सञ्चारले मानव जीवनलाई सहज बनाएपनि अपराध अनुसन्धानतर्फ जटिलता र चुनौती थपिएको जानकारी दिनुभयो।

उहाँले प्रमाणका आधारमा अनुसन्धानसहित क्षमता विकास जरुरी रहेको चर्चा गर्दै गोष्ठीबाट आउने निष्कर्षले अपराध अनुसन्धानमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो। अनुसन्धान विभागका वरिष्ठ प्रहरी उपरीक्षक मुकुन्द मरासिनीले सुशासनको अनुभूति भएमा मात्र जनताले राज्यप्रति विश्वास गर्ने बताउनुभयो। जिल्ला अदालत मोरङका न्यायाधीश दुर्गाबहादुर भुसालले न्याय जहिले पनि अनुसन्धानको घेराभित्र रहने भएकाले प्रहरीले गर्ने अनुसन्धानमा गम्भीर हुनुपर्ने धारणा राख्नुभयो। उहाँले अपराधीले पनि विज्ञान र प्रविधिको प्रयोग गर्नाले अनुसन्धामा थप चुनौती छ भन्दै अनुसन्धानलाई गुणस्तरीय बनाउन प्रहरी सङ्गठनले अन्तर निकायसँग सहकार्य एवं सम्बन्धलाई सुमधुर बनाउनुपर्नेमा जोड दिनुभयो।

एकदिने सो गोष्ठीमा कोशी प्रदेशका सबै जिल्लाका प्रहरी उपरीक्षक तथा अनुसन्धान अधिकृतहरूको सहभागित रहेको छ ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# गाडीले ठक्कर दिँदा एकको मृत्यु, एक जना घाइते

जनार्जन खत्री

सर्लाही, ३१ जेठ। सर्लाहीको बागमती नगरपालिका–९, निर्माण चोकमा आइतबार बिहान इभी गाडीको ठक्करबाट एक जना महिलाको मृत्यु भएको छ। अर्को एक जना गम्भीर घाइते भएका छन्। बिग्रिएर टुचन लगाइ तानिरहेको बागमती प्रदेश ०३००१ ज. ०७७६ नम्बरको इभी हायस गाडीले ठक्कर दिँदा स्थानीय ५५ वर्षीया जयकुमारी देवीको मृत्यु भएको हो।

इभी गाडीलाई प्रदेश २–०२–००१ ह. १८७९ अटोले तानेर मर्मतका लागि लैजाँदै गर्दा बाटोमा हिँडिरहेका जयकुमारी देवी र अर्का स्थानीय ४० वर्षीया पुनमदेवी यादवलाई ठक्कर दिएको थियो। दुर्घटनामा गम्भीर घाइते भएका दुवै जनालाई उपचारका लागि वीरगन्जतर्फ लैजाने क्रममा जयकुमारी देवीलाई प्रादेशिक अस्पताल कलैया, बारा पुर्‍याए चेकजाँच गर्दा मृत घोषणा गरिएको इलाका प्रहरी कार्यालय बरहथवाका प्रहरी नायब उपरीक्षक (डिएसपी) गोपीकृष्ण सुवेदीले जानकारी दिनुभयो।

उहाँका अनुसार दुर्घटनामा घाइते पुनमदेवीको कलैयास्थित एक निजी अस्पतालमा उपचार जारी छ। महिलालाई ठक्कर दिने गाडी, अटो तथा दुवै सवारी चालकलाई नियन्त्रणमा लिइएको डिएसपी सुवेदीले बताउनुभयो।

# बारा अदालतलाई डिजिटल र सेवामुखी बनाउन प्रधानन्यायाधीश शर्माको निर्देशन

शिवशंकर मिश्रा

बारा, ३१ जेठ। प्रधानन्यायाधीश डा.मनोजकुमार शर्माले न्यायिक सेवालाई छिटो, पारदर्शी र प्रविधिमैत्री बनाउन बारा जिल्ला अदालतका कर्मचारीलाई निर्देशन दिनुभएको छ। शनिबार बारा जिल्ला अदालतको अनुगमन तथा निरीक्षणका क्रममा उहाँले पुरानो कार्यशैली त्यागेर नयाँ युग अनुसार प्रविधिमैत्री र स्तरीय सेवा प्रवाहमा जोड दिन आग्रह गर्नुभयो। जनतालाई दुःख नदिई मुद्दा तथा अन्य न्यायिक काम कारबाहीलाई छिटो र प्रभावकारी ढंगले सम्पन्न गर्नुपर्नेमा उहाँले विशेष जोड दिनुभयो।

अन्य जिल्लाको तुलनामा बारा जिल्ला अदालत केही क्षेत्रमा पछाडि रहेको उल्लेख गर्दै उहाँले सेवाग्राहीले सहज र छिटो न्याय पाउने वातावरण निर्माण गर्न कर्मचारी तथा न्यायिक निकायलाई सक्रिय हुन निर्देशन दिनुभयो। प्रधानन्यायाधीश शर्मासँग सर्वोच्च अदालतका प्रशासन प्रमुख एवं मुख्य रजिस्ट्रार बिमल पौडेल, उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जका मुख्य न्यायाधीश गोकर्ण डाँगी तथा उच्च अदालत वीरगञ्जका रजिस्ट्रार तारादत्त पौडेलसहितको टोली अदालत पुगेको थियो।

टोलीले अदालतको वस्तुस्थिति, सेवा प्रवाह तथा व्यवस्थापकीय पक्षबारे जानकारी लिएको बारा जिल्ला अदालतका स्रेस्तेदार राजकुमार दाहालले जानकारी दिनुभयो। हाल बारा जिल्ला अदालतमा सात वटा इजलास सञ्चालनमा छन्। अदालतलाई पूर्ण रुपमा डिजिटल प्रणालीमा रुपान्तरण गर्ने लक्ष्यसहित सातवटै इजलासमा भर्चुअल सुनुवाइका लागि आवश्यक उपकरण जडान गर्ने तयारी भइरहेको छ। उक्त प्रणाली सञ्चालनमा आएपछि नेपालका जुनसुकै स्थानबाट कानून व्यवसायीले बहस पैरवी गर्न सक्नेछन्।

अदालतका अनुसार भर्चुअल सुनुवाइ प्रणाली स्थापनाका लागि करिब २८ लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ। मधेश प्रदेश सरकारले आवश्यक बजेट विनियोजन गरेपछि अदालतका इजलासमा ठूला स्क्रिनमार्फत सुनुवाइ प्रत्यक्ष हेर्न र सुन्न सकिने व्यवस्था हुनेछ। यसले बारा जिल्ला अदालतलाई पूर्ण रुपमा डिजिटल न्यायिक प्रक्रियातर्फ अग्रसर गराउने विश्वास गरिएको छ।

मुद्दा व्यवस्थापनतर्फ हेर्दा जिम्मेवारी सरेर आएका ३ हजार ६ सय ७६ सहित कुल ८ हजार ७ सय ३ मुद्दा दर्ता भएका छन्। तीमध्ये जेठ २९ गतेसम्म ४ हजार ५१ मुद्दा फछ्र्योट भइसकेका छन् भने ४ हजार ६ सय ५२ मुद्दा अझै विचाराधीन रहेका छन्। बाँकी मुद्दामध्ये दुई वर्षभन्दा बढी समयदेखि किनारा नलागेका ५ सय १९ मुद्दा रहेका छन्। अदालतका अनुसार विचाराधीन मुद्दामध्ये ठूलो हिस्सा जग्गा विवाद तथा खिचोला सम्बन्धी छन्। यस्ता मुद्दाको छिनोफानोमा अमिन तथा सर्वेक्षकबाट समयमै नक्सांकन तथा प्राविधिक प्रतिवेदन उपलब्ध नहुँदा ढिलाइ हुने गरेको बताइएको छ।

सम्बन्धित निकायबाट आवश्यक प्राविधिक प्रक्रिया समयमै पूरा भएमा यस्ता मुद्दाको फैसला छिटो हुन सक्ने अदालतको भनाइ छ।

# अघि कर छुट देखाएर पछाडिबाट सरकारले बढी असुल्यो : गगन थापा

काठमाडौं, ३१ जेठ। नेपाली कांग्रेसका सभापति गगन थापाले सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत नागरिकलाई कर छुट दिएको जस्तो देखाए पनि विभिन्न शीर्षकमा त्यसभन्दा बढी रकम असुल्ने व्यवस्था गरेको आरोप लगाएका छन्। मध्यमवर्गीय परिवारलाई राहत दिने दाबी गरिए पनि व्यवहारमा शिक्षा, स्वास्थ्य र विद्युत्मा थप करको भार थोपरेर सरकारले दिएकोभन्दा धेरै रकम फिर्ता लिएको उनले बताए।




आइतबार ललितपुरको सानेपास्थित नेपाली कांग्रेस केन्द्रीय कार्यालयमा आयोजित 'सुवर्ण शमशेर इकोनोमिक श्रृंखला' कार्यक्रममा बोल्दै थापाले बजेटको वास्तविक प्रभावबारे गम्भीर समीक्षा आवश्यक रहेको बताए। "व्यक्तिगत आयकरको सीमा बढाएर केही राहत दिएको भनिए पनि अन्य क्षेत्रबाट थप शुल्क र कर लगाउँदा नागरिकको खर्च झन् बढ्ने अवस्था सिर्जना भएको छ," थापाले भने। थापाले सरकारले अगाडिको खल्तीमा रकम राखिदिएको देखाए पनि पछाडिको खल्तीबाट चुपचाप निकाल्ने काम गरेको टिप्पणी गरे। मासिक ६० हजार रुपैयाँ आम्दानी गर्ने एक मध्यमवर्गीय व्यक्तिले आयकर छुटका कारण वार्षिक करिब २० हजार रुपैयाँ बचत गर्न सक्ने भए पनि शिक्षा, स्वास्थ्य र अन्य सेवामा थप लगाइएका शुल्कका कारण त्योभन्दा बढी रकम तिर्नुपर्ने थापाको भनाइ थियो।

"निजी विद्यालयमा अध्ययन गराउनु अधिकांश परिवारका लागि विलासिता नभई बाध्यता हो," थापाले भने, "सामुदायिक विद्यालयलाई पर्याप्त रूपमा प्रभावकारी बनाउन नसकिएको अवस्थामा निजी विद्यालयमा लगाइएको समता शुल्कको भार अन्ततः अभिभावकमा पर्छ।" स्वास्थ्य क्षेत्रबारे बोल्दै थापाले सरकारी अस्पतालमा पर्याप्त सेवा र शय्या अभावका कारण धेरै नागरिक निजी अस्पताल जान बाध्य भएको बताए। निजी अस्पतालमार्फत बिरामीबाट सरकारले कर असुल्ने नीति लिएको बताए। "निजी अस्पतालमा उपचार गराउनु पनि धेरैका लागि विकल्प नभई बाध्यता हो," थापाले भने, "शिक्षा र स्वास्थ्यमा लगाइएको तीन प्रतिशत शुल्क नागरिकले धान्न सक्दैनन्। फिर्ता लिनुपर्छ।" आफूले सुरु गरको स्वास्थ्य बिमा कार्यक्रम कमजोर बन्दै गएको अवस्थामा चिन्ता व्यक्त गरे।

विद्युत् उपभोगमा ५० युनिटभन्दा माथि भ्याट लगाउने व्यवस्थाले पनि मध्यमवर्गीय परिवारको मासिक खर्च बढ्ने थापाको दाबी थियो। त्यसबाहेक सरकारले बजारबाट ठूलो परिमाणमा राजस्व संकलन गर्ने लक्ष्य राखेकाले बैंकको ब्याजदर, ऋणको किस्ता तथा समग्र मूल्यवृद्धिमा समेत दबाब बढ्न सक्ने उनले बताए।

# महँगीका कारण राजमार्ग विस्तार प्रभावित

**जनार्जन खत्री**

सर्लाही, ३१ जेठ। राष्ट्रिय गौरवको आयोजना अन्तर्गत पर्ने महेन्द्र राजमार्ग विस्तारको काम अत्यन्त सुस्त बनेको छ। इन्धन र निर्माण सामग्री असाध्यै महँगो भएको भन्दै निर्माण व्यवसायीले राजमार्ग विस्तारको काममा ढिलासुस्ती गरेका हुन्। सर्लाही, महोत्तरी र धनुषा खण्डमा राजमार्गलाई चार लेन कायम गर्न गत वर्षदेखि पुल, कलभर्ट र सडक निर्माणको काम जारी रहेको छ।

कमला–ढल्केबर–पथलैया सडक योजना (पूर्वी खण्ड) ले राजमार्ग विस्तारको काम कछुवा गतिमा अघि बढेको स्वीकार गरेको छ। आयोजना प्रमुख एवं सिनियर डिभिजनल इन्जिनियर राजेशकुमार दासले अहिलेसम्म ४७ प्रतिशतको हाराहारीमा काम भइसक्नुपर्नेमा २५ प्रतिशत मात्रै काम भएको जानकारी दिनुभयो। निर्माण व्यवसायीलाई जति नै ताकेता गरे पनि महँगीलाई कारण देखाइरहेको आयोजना प्रमुख दासको भनाइ छ। उहाँले भन्नुभयो, "हामीले त ताकेता गरिरहेकै छौँ तर उहाँले तेल र निर्माण सामग्रीको भाउ असाध्यै बढेको भन्दै फटाफट काम अघि बढाइरहनुभएको छैन।"

एउटा जिल्लामा कम्तीमा आठ सयदेखि एक हजार जनासम्म कामदार खटाएर काम गर्नुपर्ने भए पनि मुस्किलले ५०/६० जना कामदार फिल्डमा देखिने गरेको आयोजना प्रमुख दासको भनाइ छ। केही दिनअघि मधेश प्रदेशमा आउनुभएका स ीय पूर्वाधार विकास मन्त्री सुनील लम्सालले लक्ष्य अनुसार समयमै सक्ने गरी राजमार्ग विस्तारको काम अघि बढाउन आयोजनाका कर्मचारी तथा निर्माण व्यवसायीलाई निर्देशन दिनुभएको थियो।

पछिल्लो विवरण अनुसार तीन वटै जिल्लामा गरेर राजमार्ग विस्तारको काम लक्ष्यभन्दा २२ प्रतिशत कम रहेको आयोजना प्रमुख दासले बताउनुभयो। उहाँका अनुसार तीन जिल्लामध्ये धनुषामा सबैभन्दा बढी २८ प्रतिशत र त्यसपछि सर्लाहीमा २५ प्रतिशत काम पूरा भएको छ। सबैभन्दा कम महोत्तरीमा २३ प्रतिशत काम पूरा भएको कमला–ढल्केबर–पथलैया सडक योजना ( पूर्वी खण्ड) ले जनाएको छ। बिजुलीको पोल सार्न ढिलाइ र रुख कटान तथा लिलामको कामले समेत सुरुमा ढिलाइ भए पनि मुख्य गरी इन्धन र निर्माण सामग्रीको मूल्य वृद्धि नै राजमार्ग विस्तारमा चुनौती बनेको निर्माण व्यवसायीले बताएका छन्।

रसुवा कन्स्ट्रक्सनका प्रतिनिधि सुजित रिजालले सुरुमा त फटाफट काम गरिरहेको भए पनि इन्धनको मूल्य दोब्बर भएपछि भने काम गर्न समस्या परेको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, "तेलको भाउ बढेदेखि काम गर्नै मुस्किल परिरहेको छ।" राजमार्ग विस्तारका लागि धनुषाको कमला पुलदेखि सर्लाहीको बागमती पुलसम्म ७४.७५ किलोमिटर खण्डमा तीन वटा निर्माण कम्पनीले ठेक्का पाएका छन्। कमला–बडहरी २२.०७ किलोमिटर सडक इकेके इन्फ्रास्ट्रक्चर लिमिटेड इन्डिया, बडहरी–फूलजोर २९.७४ किलोमिटर र फूलजोर–बडहरी २२.९४ किलोमिटर चाइनिज कम्पनी एसडब्लु इजे र रसुवा कन्स्ट्रक्सन कम्पनी आरसिसी ज्वाइन्ट भेन्चरले एक हजार २८० करोडमा ठेक्का लिएका छन्।

विश्व बैङ्कको १८ अर्ब ६० करोड रुपियाँ सहयोगमा सन् २०२७ भित्र राजमार्ग विस्तारको काम सक्ने लक्ष्य छ। अहिले दुई लेनमा रहेको महेन्द्र राजमार्गलाई बजार तथा व्यापारिक क्षेत्रमा सडकको दुवैतिर साढे छ/साढे छ मिटर सर्भिस लेनसहित छ लेन र अन्य ठाउँमा चार लेन बनाइने छ।

# चालु आर्थिक वर्षको आर्थिक सर्वेक्षण प्रदेश सभामा प्रस्तुत

जनकपुरधाम, ३१ जेठ। मधेस प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/०८३ को आर्थिक सर्वेक्षण प्रदेश सभामा प्रस्तुत गरेको छ। आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नुअघि आइतबार प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले आर्थिक सर्वेक्षण आइतबार प्रदेशसभामा प्रस्तुत गरेका हुन्। आर्थिक सर्वेक्षणअनुसार मधेस प्रदेशको कुल ग्राहस्थ उत्पादन ( जीडीपी) ८ खर्ब ६३ अर्ब रुपैयाँ पुग्ने अनुमान गरिएको छ, जुन राष्ट्रिय कुल ग्राहस्थ उत्पादनको १३.१ प्रतिशत हो।

सर्वेक्षणमा प्रदेशको आर्थिक वृद्धिदर १.३१ प्रतिशत रहने अनुमान गरिएको छ। मधेसको कुल ग्राहस्थ उत्पादनमा कृषि, मत्स्य तथा वन क्षेत्रको योगदान सबैभन्दा बढी ३४.९७ प्रतिशत रहने उल्लेख छ। यस क्षेत्रको वृद्धिदर १.४४ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। कृषि उत्पादनतर्फ अन्नबाली उत्पादन ५.३३ प्रतिशतले घट्ने अनुमान गरिएको छ। यद्यपि दूध उत्पादन ११.०६ प्रतिशत, मासु उत्पादन ३३.५२ प्रतिशत, माछा उत्पादन ८.०३ प्रतिशत तथा अण्डा उत्पादन २३.४६ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको आर्थिक सर्वेक्षणमा उल्लेख छ। सर्वेक्षणले प्रदेशको राजस्व संकलनमा भने गिरावट आउने संकेत गरेको छ। राजस्व संकलनको अनुपात १.६६ प्रतिशतले घट्ने अनुमान गरिएको छ।

# रूपनीका बासिन्दाले ५० वर्षपछि पाए जग्गाधनी पुर्जा

विनय कर्ण

सप्तरी, ३१ जेठ। सप्तरी रूपनी गाउँपालिका वडा नम्बर १ का चार जनाले बसोवास गरेको ५० वर्षपछि जग्गाधनी पुर्जा पाएका छन्। पुर्जा पाउनेमा स्थानिय फुलोदेवी साह, अनितादेवी साह, मो. सुलेमान मियाँ र केदारप्रसाद साह रहनुभएको हो। शनिबार एक कार्यक्रमबिच गाउँपालिका अध्यक्ष दिनेशकुमार यादवले उहाँहरूलाई जग्गाधनी पुर्जा हस्तान्तरण गर्नुभयो। २०३२ सालमा तत्कालीन नकटी रायपुर गाउँपञ्चायतले स्थानीय १२ जना जग्गाधनीसँग रूपनी बजार बसाउन छ बिगा १० कट्ठा जग्गा प्रति कट्ठा लिएका थिए।

बसोवास गर्ने व्यक्तिले सो प्लट बापत तत्कालिन नकटी रायपुर पञ्चात, त्यसपछि गाविस हुँदै रूपनी गाउँपालिकालाई प्रत्येक वर्ष कर दिँदै आएका छन्। गाउँपञ्चायतले बजार बसाउन १२ जना जग्गाधनीबाट जग्गा लिने सहमति गरेपछि सो जग्गालाई २०१ वटा प्लट बनाई प्रति प्लट दुई सयका दरले बसोवास गर्ने व्यक्तिबाट लिएर त्यहाँ बजार बसाएका थिए। तर, जग्गा त्यो प्लटमा बसोवास गर्ने व्यक्तिको नाममा नभई बजार बसाउन जग्गा दिएको व्यक्तिकै नाममा रहँदा समस्या सृजना भएको गाउँपालिका अध्यक्ष यादवले बताउनुभयो।

उहाँले जग्गावाला परिवारजनसँग समन्वय गरेर रुपनी बजारमा वर्षौं देखि बसोवास गर्दै आएका व्यक्तिलाई जग्गाधनी पुर्जा उपलब्ध गराउने काम भइरहेको जानकारी दिनुभयो। रूपनीमा अहिले सम्म २५ जनाले जग्गाधनी पुर्जा पाएको र अझै १७६ जना बाँकी रहेको उहाँको भनाइ छ। ५० वर्षपछि जग्गाधनी पुर्जा पाएर एकदमै खुसी भएको ६७ वर्षीय मो. सुलेमान मियाँले बताउनुभयो। आफू १७ वर्षको हुँदा बसोवास गरेको जग्गाको पुर्जा पाउन ५० लागेको उहाँले सुनाउनुभयो। यस्तै, अनिता देवी साहले आफ्नो ससुराले नै प्लटमा बसोवास गर्न जग्गा किनेको र ५० वर्षपछि पुर्जा पाउँदा खुसी भएको सुनाउनुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)